# प्रथम नगर सभा

मिति २०७४ चैत्र ३० गते

फतुवा विजयपुर नगरपालिकाका उपप्रमुख श्री कान्ती देवीले नगरपालिकाको आर्थिक वर्ष २०७४/२०७५ को लागि सम्मानित गरिमामय प्रथम नगर सभामा पेश गर्नु भएको बजेट।

<u>बजेट बक्तव्य</u>

फतुवा विजयपुर नगरपालिकाको सम्मानित गरिमामय प्रथम नगर सभाका सभाध्यक्ष महोदय, सभामा पाल्नु भएका सभासदज्यूहरु, विषयगत सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधीज्यूहरुमा सर्वप्रथम म हार्दिक अभिवादन व्यक्त गर्दछु ।

**आदरणिय महानुभावहरु,**

आजहामी यस सम्मानित गरिमामय सभामा फतुवा विजयपुर नगरपालिकाको आउदा दिनको भविष्य निर्माणको निमित्त यहाँ उपस्थित भएका छौ ।

नेपाल सरकारको मिति २०७४ भाद्र ०२ गतेको निर्णयबाट स्थापित भएको यस नगरपालिकाका थुप्रै चुनौतिहरु रहेका छन् । विगतमा गाविसहरुको न्यून आयश्रोत र केन्द्र सरकारको सिमित अनुदानले न्यूनतम पूर्वाधारको विकास समेत गर्न सकिने अवस्था थिएन । हालै आएर नेपालको संविधान २०७२ को कार्यान्वयन संगै स्थानिय तहहरुलाई केही बजेट व्यवस्था भएतापनि स्थानिय तह गठन भइ कार्य प्रारम्भ भएको अवस्थामा दरबन्दी अनुसारका कर्मचारीहरुको व्यवस्था हुनमा ढिलाइका कारण बजेट कार्यान्वयन तथा प्रवाह गर्नुपर्ने सेवाहरुमा निकै कठिनाइहरु आइपरेका छन् ।

विभिन्न कठिनाइका बावजुद आर्थिक वर्ष २०७४/२०७५ को लागि तयार गरिएको वार्षिक बजेटले नगरपालिकाका विविध पक्षहरुलाई समेट्ने अपेक्षा लागेको छ ।

**वार्षिक, बजेट तयारीकालागि अवलम्बन गरिएका पध्दतिहरु**

प्रत्येक वडाहरुबाट आयोजना छनौट गर्दा वडा भित्रका बस्तिहरुको भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा, शिक्षा, स्वास्थ्य, खानेपानी, आयआर्जन, रोजगार लगायतका आधारमा सबै समुदायको अर्थपूर्ण उपस्थिती गराई वडा समितिमा पेश भएको र वडा समितिले प्राप्त आयोजनाको प्राथमिकिरण र मापदण्डको आधारमा आयोजनाहरुलाई विषयगत क्षेत्र समेत छुट्याई प्राथमिकिकरण गरी बजेट तथा योजना तर्जुमा समितिमा सिफारिश गरी पठाउने र श्रोत अनुमान तथा बजेट सीमा निर्धारण

समितिले निर्धारण गरेको सिमाभित्र रही बजेट तथा योजना तर्जुमा समितिले आयोजनाको प्राथमिकिरणको आधारमा योजनाहरु छनौट गरिएको छ ।

**आयोजना प्राथमिकिकरणका आधारहरु**

आर्थिक विकास

सामाजिक विकास

पूर्वाधार विकास

सांस्कृतिक तथा पर्यवरण

संस्थागत तथा सामुदायिक विकास

**उल्लेखित क्षेत्रको आधारबाट निम्न प्रतिफल प्राप्त हुनजाने छः**

आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान हुने

उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त हने

राजश्व परिचालनमा योगदान पुग्ने

सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योग्दान पुग्ने

स्थानिय श्रोत र साधनमा आधारित भई जनसहभागितामा अभिवृध्दी गर्ने

लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृध्दी हुने

दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुग्ने

समुदायलाई विपद तथा जलवायू परिवर्तन उत्थानशिल बनाउने

स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन हुने

**वार्षिक बजेट तयार गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

१ नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित अधिकारको सूची

२ नेपालको संविधान २०७२ मा उल्लेखित मौलिक हकहरु

३ नेपालको संविधान २०७२ को भाग ४ अन्तर्गत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली

४ नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानिय तहको कार्यविस्तृतीकरणको प्रतिवेदन

५ आवाधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु

६ संघिय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु

७ स्थानिय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु

८ नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवध्दताहरु

९ स्थानिय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु

**अब सम्मानित गरिमामय यस प्रथम नगर सभा समक्ष आर्थिक वर्ष २०७४।०७५ को लागि प्रस्ताव गरिएको बजेट पेश गर्ने अनुमती चाहन्छु ।**

आय अनुमान तर्फ

- विभिन्न करका दायराबाट विभिन्न शिर्षकमा प्राप्त हुने राजश्व रु. २९,८५,०००।०० ( अक्षेरुपी उन्तिस लाख रुपैयाँमात्र )।
- आर्थिक वर्ष २०७४।०७५ मा नगरपालिकालाई प्राप्त अनुदान रकम फ्रिज नहुने नीति अनुसार मौज्दात रहेको अन्य राजश्व रु.७७,६८,००० ।०० (अक्षेरुपी सतहत्तर लाख अठसठ्ठी हजार रुपैयाँमात्र )
- संघय सरकारबाट प्राप्त समानिकरण अनुदान रु. २१,१०,०६०००।०० ( अक्षरेपी एक्काईस करोड दश लाख छ हजार रुपैयाँमात्र । )
- संघिय सरकारबाट प्राप्त शसर्त अनुदान रु १४,०५,२६०००।०० ( अक्षरेपी चौध करोड पाँच लाख छब्बिस हजार रुपैयाँमात्र । )

**उल्लेखित शिर्षकमा प्रातहुने रकम समेत चालु आर्थिक वर्ष २०७४।०७५ को लागि कूल बजेट रु ३६,२२,८५,०००।०० ( अक्षरेपी छत्तिस करोड बाइस लाख पचासी हजार मात्र ) को कूल आय पेश गरेको छु ।**

**व्यय अनुमान तर्फ**

१ चालु खर्च तर्फ संघिय सरकारबाट प्राप्त सशर्त अनुदान समेत रु. २०,२३,५९,६३८ ( अक्षरेपी बिस करोड तेइस लाख उन्साठी हजार छ सय अठतिस रुपैयाँ मात्र । )

२ पूँजिगत खर्च खर्च तर्फ रु. १५,९९,२५,३६२ ( अक्षरेपी पन्ध्र करोड उनान्सय लाख पचिस हजार तिन सय बासठ्ठी रुपैयाँमात्र । )

**उल्लेखित क्षेत्र समेत गरी आर्थिक वर्ष २०७४।०७५ को कूल रकम रु ३६,२२,८५,००० - अक्षेरुपी रु. छत्तिस करोड बाईस लाख पचासी हजार मात्र ) को व्यय अनुमान पेश गरेछु ।**

उल्लेखित बजेटको विस्तृत् क्षेत्रगत विवरण निम्नानुसार अनुसूचीमा प्रस्तुत गरिएको छ ।

अनुसूची १ आय व्ययको विवरण

अनुसूची २ राजश्व तथा अनुदान प्रात्तीको अनुमान

अनुसूची ३ व्यय अनुमान

अनुसूची ४ वित्तीय व्यवस्था अनुमान

अनुसूची ५ कार्यक्षेत्रगत व्यय अनुमान

अनुसूची ६ वार्षिक विकास कार्यक्रम

अनुसूची ७ वार्षिक कार्यक्रम स्वीकृति फाराम

संचितकोषबाट बिनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत बिवरण रातो किताबमा प्रस्तुत गरिएको छ ।

धन्यवाद